# संघीय संसद
# प्रतिनिधि सभा
## चौथो अधिवेशन
## बैठक संख्या - ३९

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन ८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम मा० श्री मिनेन्द्रप्रसाद रिजालले "अविरल वर्षा र यसका कारण आएको बाढी, पहिरो र डुबानका कारण देशभरि एकसय भन्दा बढी नागरिकले ज्यान गुमाउनु परेको, कतिपय नागरिक बेपत्ता तथा घाइते भएको, केही राजमाग र विद्युत सेवा अवरुद्ध रहेको, अरबौं मूल्य बराबरको धनमालको क्षति भएकोले सरकारद्वारा संचालित उद्धार तथा राहत कार्यको प्रगति तथा प्रभावित क्षेत्रको विद्यमान अवस्थाबारे प्रतिनिधि सभामा जानकारी लिने, तीनै तहका सरकारद्वारा संचालित उद्धार, राहत र त्यसपछिको पुनर्स्थापनाको एकीकृत कार्यक्रम प्रभावकारी तथा निष्पक्ष तवरले सञ्चालन गर्न नेपाल सरकारलाई नीतिगत निर्देशन दिन आवश्यक भएको" भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावका समर्थक मा० श्री राजकिशोर यादव र मा० श्री पुष्पा भुसाल (गौतम)ले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शेरबहादुर देउवा
२. मा० श्री प्रभु साह
३. मा० श्री उमाशंकर अरगरिया
४. मा० श्री ईन्दुकुमारी शर्मा
५. मा० श्री बिमलप्रसाद श्रीवास्तव
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री सरिता गिरी
८. मा० श्री शिवकुमार मण्डल
९. मा० श्री देवेन्द्र पौडेल
१०. मा० श्री मीना पाण्डे
११. मा० श्री लक्ष्मणलाल कर्ण
१२. मा० श्री रेखा शर्मा
१३. मा० श्री दुर्गा पौडेल
१४. मा० श्री प्रदिप गिरी
१५. मा० श्री योगेश कुमार भट्टराई
१६. मा० श्री देवेन्द्र राज कंडेल
१७. मा० श्री राजेन्द्र महतो
१८. मा० श्री सुदन किरांती
१९. मा० श्री लक्ष्मी परियार
२०. मा० श्री पार्वता डि.सी. (चौधरी)
२१. मा० श्री राधा कुमारी ज्ञवाली
२२. मा० श्री मीनबहादुर विश्वकर्म
२३. मा० श्री यज्ञराज सुनुवार
२४. मा० डा० अमरेश कुमार सिंह
२५. मा० श्री नवराज सिलवाल
२६. मा० श्री गगन कुमार थापा
२७. मा० श्री विशाल भट्टराई
२८. मा० श्री डिला सँग्रौला (पंत)
२९. मा० श्री गंगा चौधरी (सत्गौवा)
३०. मा० श्री देवप्रसाद तिमलसेना
३१. मा० श्री विरोध खतिवडा
३२. मा० श्री दिलेन्द्रप्रसाद बडू
३३. मा० श्री झपटबहादुर रावल
३४. मा० श्री पद्मनारायण चौधरी
३५. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
३६. मा० श्री अतहर कमाल मुसलमान
३७. मा० श्री गणेश कुमार पहाडी
३८. मा० श्री राजेन्द्र कुमार के.सी.
३९. मा० श्री चित्रलेखा यादव
४०. मा० श्री नवराज रावत
४१. मा० श्री रामबहादुर विष्ट
४२. मा० श्री पार्वत गुरुङ्ग
४३. मा० श्री सत्यनारायण शर्मा खनाल
४४. मा० श्री कृष्णगोपाल श्रेष्ठ
४५. मा० श्री प्रकाश रसाईली (स्नेही)
४६. मा० श्री सुजाता परियार
४७. मा० श्री गोमा देवकोटा
४८. मा० श्री तेजुलाल चौधरी
४९. मा० श्री कृष्णप्रसाद दाहाल
५०. मा० श्री प्रमिला राई

५१. मा० श्री महेश्वर जंग गहतराज (अथक)
५२. मा० श्री महेन्द्र कुमारी लिम्बु
५३. मा० श्री मैनाकुमारी भण्डारी
५४. मा० श्री लालप्रसाद सावां लिम्बु
५५. मा० श्री रामकुमारी झाँक्री
५६. मा० श्री राजेन्द्र प्रसाद गौतम
५७. मा० श्री महेश बस्नेत
५८. मा० श्री रेखा कुमारी
५९. मा० श्री घनश्याम खतिवडा
६०. मा० श्री सुरेश चन्द्र दास
६१. मा० श्री अञ्जना विसंखे
६२. मा० श्री गंगा बहादुर तामाङ्ग
६३. मा० श्री सुरेश कुमार राई
६४. मा० श्री पवित्रा निरौला (खरेल)
६५. मा० श्री अमनलाल मोदी
६६. मा० श्री धर्मशिला चापागाई
६७. मा० श्री ज्ञानकुमारी छन्त्याल
६८. मा० श्री मिना सुब्बा
६९. मा० श्री शान्ता चौधरी
७०. मा० श्री देवप्रसाद गुरुङ

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभामा उक्त परिस्थितिका सम्बन्धमा छलफल गरिसकेको अवस्थामा निम्नलिखित विशेष प्रस्तावलाई सभाको सहमतिको लागि प्रस्तुत गर्नुहुँदा सभाले सहमति जनायो ।

विशेष प्रस्ताव

"केही दिनयता जारी अविरल वर्षाका कारण देशका विभिन्न भागहरुमा आएको बाढी, पहिरो र डुबानले भएको जनधन क्षतिको घटनाले हामीलाई निकै मर्माहत बनाएको छ । यस प्राकृतिक विपद्का कारण दुःखद निधन भएकाहरुप्रति संघीय संसद प्रतिनिधि सभाको यो बैठक भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ र प्राकृतिक विपद्मा परी घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा कुनै कमी हुन नदिन नेपाल सरकारलाई निर्देश गर्दछ । विनासकारी प्रकोपमा परी हराइरहेकाहरुको खोजी, प्रभावितहरुको उद्धार र पीडितहरुलाई पुनर्स्थापना एवं राहतका कामलाई प्रभावकारी ढंगबाट अघि बढाउन सरकार र सरोकारवाला निकायहरुसँग अनुरोध गर्दछ । साथै प्राकृतिक विपद्बाट प्रभावित नागरिकहरुलाई आ-आफ्नो ठाउँबाट सक्दो सहयोग पुऱ्याउन संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरु, सामाजिक संघ संस्था, राजनीतिक दल तथा अन्य सबैमा हार्दिक अपील गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले देशमा आएको बाढी पहिरो तथा डुबानबाट पीडितहरुको उद्धार तथा राहतको लागि प्रतिनिधि सभाका मा० सदस्यहरुको एकदिनको पारिश्रमिक राहत कोषमा उपलब्ध गराइने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल साउन १३ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बेलुकी ८:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव